# बेशीसहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बेशीसहर, लमजुङ्ग**
**गण्डकी प्रदेश, नेपाल**

## संक्षिप्त सुचीमा सुचीकृत हुने सम्बन्धी सूचना
( प्रथम पटक सूचना प्रकाशन मिति २०७८/०२/२० गते)

क. बेसीशहर नगर कार्यपालिकाको पाँचौ नगरसभाले नगरपालिका भित्रका महत्वपूर्ण पर्यटकीय सम्पदाको प्रवर्द्धन र विकासका लागि निजी क्षेत्रसँग साझेदारी गर्ने निती लिएको छ ।

ख. नगरपालिकाको सोही नीतिलाई कार्यान्वयन गर्ने सन्दर्भमा बेसीशहर नगरपालिकाको वडा नं. १ स्थित गाइखुरे झरनालाई पर्यटकीय पूर्वाधारको रुपमा विकास गर्नेगरी विस्तृत परियोजना प्रतिवेदन (Detailed Project Report) तयार गरेको छ । उक्त विस्तृत परियोजना प्रतिवेदन नगरपालिकाको प्राविधिक शाखामा उपलब्ध छ ।

ग. नगरपालिकाबाट तयार भएको विस्तृत परियोजना प्रतिवेदन अनुसार निजी क्षेत्रसँगको साझेदारीमा पूर्वाधार विकासका कार्यहरु अगाडि बढाउनको लागि योग्य र अनुभवि लगानीकर्ता आवश्यक भएकोले यो सुचना प्रकाशित भएको मितिले ७ दिन (२०७८ जेठ २६ गते) भित्र नगर कार्यपालिकाको कार्यालयमा इच्छुक लगानीकर्ताहरुले सुची दर्ता गर्न आह्वान गरिएको छ ।

घ. सुचिकृत गर्दा कम्पनी/संस्था दर्ता र नविकरणको प्रमाणपत्रको प्रतिलिपी, नागरीकताको प्रमाणपत्रको प्रतिलिपी, मु.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी र सो सम्बन्धी कामको अनुभव भए सोको समेत कागजात पेश गर्नुपर्नेछ ।

ङ. नगरपालिकाको यस सुचना बमोजिम तोकिएको मितिभित्र संक्षिप्त सुचिमा समावेश संस्था/कम्पनी सँग नगरपालिकाले स्वीकृत गरेको सार्वजनिक निजी साझेदारी नीति, २०७६ बमोजिम कार्यान्वयनको प्रक्रिया अगाडि बढाइनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

जनार्दन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत